# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जामुनबारी झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या - २०७८।७९
चलानी नं. ९५४८

मिति २०७९।०३।१२

श्री विषयगत शाखा सबै,

श्री वडा कार्यालय सबै,

श्री निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु सबै,

श्री सरोकारवाला संघसंस्था सबै,

कनकाइ नगरपालिका।

**विषय – चालु आ.व २०७८।७९ भुक्तानी तथा खाता बन्द हुने समबन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिइ लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने प्रावधान रहेको व्यहोरा अवगत नै छ।

आर्थिक वर्षको अन्तिम हप्तामा कर दाखिला गर्ने, संघिय सरकार तथा प्रदेश सरकारलाइ फिर्ता गर्नुपर्ने अनुदान रकम फिर्ता गरी सो को भौचर कोष तथा लेखा नियन्त्रका कार्यालय, प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्ने, सम्पुर्ण कारोबारको हिसाब मिलान गरी सोको विवरण संघीय सरकार तथा प्रदेश सरकार लगायतका निकायमा पठाउनु पर्ने व्यवस्था रहेकोले यस नगरपालिका बाट सञ्चालित सम्पुर्ण योजना तथा कार्यक्रम मिति २०७९ असार २० गते भित्र अनिवार्य रुपमा कार्यसम्पन्न गरी मिति **२०७९ असार २३** गतेसम्ममा अनिवार्य भुक्तानी लिई फरफारक गर्न हुन साथै तोकिएको समयसम्ममा भुक्तानी लिन नआएमा कार्यालय जवाफदेहि नहुने व्यहोरा समेत सबैमा जानकारीका लागी अनुरोध छ।

**दुर्गा खडका**
**आर्थिक प्रशासन प्रमुख**

**पितामबर गौतम**
**नि. प्रमुख प्रशासकिय अधिकृत**
पितामबर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)

फोन नं. ०२३-४०११५५
०२३-४०११४४
Email- kanakai.mun@gmail.com
ito.kanakaimun@gmail.com
info@kanakaimun.gov.np